# पाठ १५ यूहन्ना १५

**यस पाठमा तपाईंले यी विषयहरूको अध्ययन गर्नुहुनेछ. . .**

साँचो दाखको बोट येशू
संसारको घृणा

## साँचो दाखको बोट येशू

यूहन्ना १५:१-१७ पढ्नुहोस्।



येशूले आफूलाई दाखको बोट र आफ्ना चेलाहरूलाई हाँगाहरूसँग तुलना गर्नुभएको छ। हामीमा भएको उहाँको जीवनले आत्माको फल उत्पादन गर्छ। परमेश्वर, अर्थात् किसानले यस्तै किसिमको फल हामीमा भएको चाहनुहुन्छ।



"तर पवित्र आत्माको फलचाहिँ प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वस्तता, नम्रता, संयम हुन्" (गलाती ५:२२-२३)।

किसानले घरीघरी दाखको लहरालाई छिँवल्नुपर्छ। उसले पुराना हाँगाहरूलाई काट्छ र दाख फलाउने नयाँ हाँगाहरू त्यहाँबाट पलाउँछन्।

उहाँका वचनद्वारा चेलाहरू शुद्ध भएका छन् भनी येशूले भन्नुभयो। हाम्रा स्वार्थ, घमण्ड र रीसजस्ता कुराहरूलाई काटेर फाल्नका लागि आफ्नो छिँवल्ने चक्कुको रूपमा परमेश्वरले बाइबललाई प्रयोग गर्नुहुन्छ। हामीले बाइबल पढ्दा, यसमाथि विश्वास गर्दा र हाम्रो जीवनको निम्ति नमूनाको रूपमा यसलाई

ग्रहण गर्दा फल नफलाउने हाँगाबाट छुटकारा पाउनका लागि पवित्र आत्माले हामीलाई सहायता गर्नुहुन्छ। बोटबाट हाँगाहरूमा जीवन रस बगेझैं ख्रीष्टको प्रशस्तताको जीवनले तीव्र आत्मिक वृद्धि गराउँछ र आत्माको फलको उत्पादन गर्छ।

"रहनु" शब्द यस अध्यायमा धेरै पल्ट दोहोरिएको छ; ४,५,६,७,९ र १० पदहरू। यो अति नै महत्त्वपूर्ण छ। यदि कुनै हाँगा रूखमा वा बोटमा रहेन भने, यो मर्नेछ, किनकि यसको जीवन बोटबाट आउँछ। यसै गरी हाम्रो आत्मिक जीवन पनि येशू ख्रीष्टसँगको हाम्रो संयुक्तिमा भर पर्छ। जबसम्म हामी उहाँमा रहन्छौं, हामीसँग जीवन हुनेछ। यदि केही कुराले हामीलाई येशूबाट पापमा फर्कायो भने, तब हामीमा जीवन हुनेछैन।

> "दाखको बोट म हुँ, तिमीहरूचाहिँ हाँगाहरू हौ। यदि कोही ममा रह्यो भने, र म त्यसमा रहें भने, त्यसले धेरै फल फलाउँछ, किनकि मबाट अलग रहेर तिमीहरू केही गर्न सक्दैनौ" (यूहन्ना १५:५)।

विश्वासीहरू र येशूको बीचको सम्बन्ध प्रेमको सम्बन्ध हो भनी हामीले यस अध्यायमा देखेका छौं। "प्रेम" शब्द १३-देखि १७ अध्यायहरूमा तीस पल्टभन्दा बढ़ी प्रयोग भएको छ। पिताले आफू (येशू) लाई कसरी प्रेम गर्नुभएको छ भन्ने कुरा येशूले सबैभन्दा पहिले भन्नुभयो, त्यसपछि उहाँले चेलाहरूलाई



कसरी प्रेम गर्नुभयो भन्ने बारेमा उहाँले बताउनुभयो। चेलाहरू उहाँको प्रेममा रहिरहनुपर्छ।

हामी येशूमा रहँदा एक-अर्कालाई प्रेम गर्नका निम्ति उहाँले हामीलाई सहायता गर्नुहुन्छ। ती मानिसहरू असल भएका भएता हामी प्रेम गर्छौं भनी कहिलेकहीँ हामी भन्छौं। तर हामी प्रेम गरिने लायकका मानिसहरू भएका हुनाले येशूले प्रेम गर्नुभएको होइन। हामी पापी छँदैमा उहाँले हामीलाई प्रेम गर्नुभयो र हाम्रा निम्ति मर्नुभयो। संसारले उहाँको जीवन र उहाँको प्रेम हामीमा देख्न सकोस् भनी उहाँले हामीलाई छान्नुभयो। १६ पदलाई पढ्नुहोस्।

### तपाईंको अभ्यासको निम्ति

**१** गलाती ५:२२-२३ र यूहन्ना १५:५ कण्ठ गर्नुहोस्।

**२** येशूले आफू र चेलाहरूलाई केसँग तुलना गर्नुभएको छ?

**क.** खेत र यसको फल।
**ख.** बोट र यसका हाँगाहरू।
**ग.** मालिक र उनका दासहरू।

**३** येशूको सन्देशले के गर्छ?

**क.** हामीले यसलाई ग्रहण गर्दा र यसको आज्ञा पालन गर्दा यसले हामीलाई शुद्ध बनाउँछ।
**ख.** यदि हामीले यसलाई पढ्यौं भने हाम्रो जीवन त्यसै शुद्ध भइहाल्छ।
**ग.** यसले केही पनि गर्दैन।

**४** येशूविना हामी के गर्न सक्छौं?

**क.** उहाँले गर्नुभएकाभन्दा अझै ठूला कामहरू।
**ख.** धेरै फल फलाउनु।
**ग.** केही पनि गर्न सक्दैनौं।

**५** विश्वासीहरू र येशूको बीचको सम्बन्ध केमा आधारित छ?

**क.** प्रेम
**ख.** मण्डली सदस्यता
**ग.** असल कामहरू

## संसारको घृणा

यूहन्ना १५:१८-२७ र यूहन्ना १६:१-४ पढ्नुहोस्।



संसारमा चेलाहरूले दुःख भोग्नुपर्ने सतावट र असमझदारीका बारेमा येशूले बताउनुभएको छ। एघार जना चेलाहरू जससँग येशूले यी वचनहरू बोल्नुभयो, दश जनाचाहिँ सुसमाचार प्रचार गरेको कारण मारिनेछन्। यूहन्ना मात्र स्वाभाविक मृत्युले मरेका थिए।

येशूलाई पछ्याउनेहरूलाई संसारले किन घृणा गर्छ? येशूलाई घृणा गरिएको जस्तै कारण। साँचो ख्रीष्टियानको असल जीवनले उसको वरिपरिभएको पापपूर्णतालाई देखाउँछ। यसले पापीलाई दोषी तुल्याउँछ। यसको कारण तिनीहरूले ख्रीष्टियानलाई मन पराउँदैनन् र उसको विरुद्धमा आफूले सक्ने काम तिनीहरू गर्छन्।

परमेश्वरको शत्रु, शैतान ख्रीष्टियानहरूका विरुद्धमा युद्ध गर्छ। ख्रीष्टियानहरूको ठट्टा गर्नका लागि त्यसले मानिसहरूलाई उक्साउँछ र तिनीहरूसँग दुर्व्यवहार गर्छ। तपाईं ख्रीष्टको जन भएको कारण यदि मानिसहरूले तपाईंको ठट्टा गरे वा तपाईंलाई सतावट दिए भने छक्क नपर्नुहोस्। कति ख्रीष्टियानहरूलाई उनीहरूकै परिवारद्वारा कुटिएको पनि छ। कोही-कोहीलाई झ्यालखानमा हालिएको छ। ख्रीष्टलाई आफ्ना मुक्तिदाताका रूपमा ग्रहण गरेको कारण अरूहरूलाई मृत्युदण्ड पनि दिइएको छ।

येशूले भन्नुभयो कि उहाँका चेलाहरू उहाँभन्दा ठूला होइनन्। संसारले उहाँलाई सतावट दियो र उहाँका पछि लाग्ने सबैलाई पनि यसले सतावट दिनेछ।

फेरि येशूले सल्लाहकार अर्थात् पवित्र आत्माको प्रतिज्ञा गर्नुभयो। पवित्र आत्माले येशूको बारेमा अझ धेरै बोल्नुहुनेछ र येशूका बारेमा बोल्नका लागि चेलाहरूलाई सहायता गर्नुहुनेछ।

**तपाईंको अभ्यासको निम्ति**

**६** सतावट भोगिरहेकाहरूका निम्ति प्रार्थना गर्नुहोस्।

**७** येशूले फेरि कस्तो सल्लाहकारको प्रतिज्ञा गर्नुभयो?

**क.** तिनीहरूलाई सहयोग गर्ने मित्रहरूको उहाँले प्रतिज्ञा गर्नुभयो।

**ख.** बोटबाट तिनीहरूलाई फल दिने किसानहरूको उहाँले प्रतिज्ञा गर्नुभयो।

**ग.** उहाँले तिनीहरूका निम्ति पवित्र आत्माको प्रतिज्ञा गर्नुभयो।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

२ ख) बोट र यसका हाँगाहरू।

५ क) प्रेम।

३ क) हामीले यसलाई ग्रहण गर्दा र यसको आज्ञा पालन गर्दा यसले हामीलाई शुद्ध बनाउँछ।

७ ग) उहाँले तिनीहरूका निम्ति पवित्र आत्माको प्रतिज्ञा गर्नुभयो।

४ ग) केही पनि गर्न सक्दैनौं।